स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



राजेश बर्देवा र प्रीति आलेको स्वर समावेश गीत 'उमेर सत्र भयो खत्रा' सार्वजनिक भएको छ । प्रतिभा शर्माको शब्द तथा प्रिय कुमारको संगीत रहेको गीतको एरेन्ज केशव बडुले गरेका हुन् । भिडियोमा अभिनेत्री प्रियंका कार्की र अभिनेता आकाश श्रेष्ठको अभिनय छ । तामझामसहित रेष्टुरेन्टको माहोलमा तयार भिडियोमा प्रियंका र आकाशको नृत्य आकर्षक छ । रेष्टुरेन्टको माहोलमा छायांकन भएको भिडियोमा एउटी युवतीलाई १७ बर्षको उमेरमा के कस्ता खतरा आइपर्छ भनजेर देखाइएको छ ।

**आजको विचार...**



नारायण तिमिल्सेना

नचिन्दा... (दुई पेजमा)



अभिनेत्री आँचल शर्मा यतिबेला फिलिपिन्समा छिन् । श्रीमान् उदिप श्रेष्ठसँग छु । मनाउन उनी त्यहाँ पुगेकी हुन् । श्रीमानका साथ फिलिपिन्सको प्राकृतिक सौन्दर्यमा उनी रमाइरहेकी छन् । फिलिपिन्स पुगेपछि आँचल बिकिनीमा समेत देखिएकी छन् । उनले आइतबार सामाजिक सञ्जालबाट सार्वजनिक गरेको तस्बिरमा उनलाई बिकनीमा देख्न सकिन्छ । समुद्री किनारमा खिचाएको उनका बिकिनी तस्बिरले सामाजिक सञ्जाल लाइक र कमेन्ट समेत धेरै पाएको छ ।

❑ वर्ष २९ ❑ अंक ९८ ❑ २०८० कार्तिक १४ गते मंगलबार 31 October 2023, Tuesday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### इजरायली आक्रमणमा आठ हजार बढीको मृत्यु

**(रासस/एएफपी)** ——

**गाजा,** कार्तिक १३/गाजा पट्टीमा इजरायली आक्रमणमा परी मृत्यु हुने प्यालेस्टिनीको संख्या आठ हजार ३ सय ६ पुगेको प्यालेष्टिनी स्वास्थ्य मन्त्रालयले सोमबार जनाएको छ । मृत्यु हुनेमा तीन हजार ४ सय ५७ बालबालिका र दुई हजार १ सय ३६ महिला रहेको मन्त्रालयका प्रवक्ता अशरफ अल-कङ्गाले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । इजरायली हवाई आक्रमणमा परी २१ हजार ४८ प्यालेस्टिनी घाइते भएका बताइएको छ । गाजा पट्टीमा इजरायलको बमबारीका कारण २५ वटा अस्पतालसेवा स्थगन गर्न बाध्य भएको र २५ वटा एम्बुलेन्सलाई निशाना बनाइएको मन्त्रालयले जनाएको छ । अल-कङ्गाले घाइते प्यालेस्टिनीलाई बचाउन पर्याप्त रगत नभएको बताउँदै गाजावासीलाई अस्पतालमा गएर रक्तदान गर्न आग्रह गरेका छन् । गत अक्टोबर ७ मा हमासले इजरायली सेनाले सुरक्षा दिँदै आएको क्षेत्र र शहरहरूमा गरेको आक्रमणपछि इजरायली आक्रमण सुरु भएको थियो । अहिलेसम्म इजरायलमा कम्तीमा एक हजार ४ सय व्यक्तिको मृत्यु भइसकेको छ ।

## तानसेनमा काँग्रेसको सम्मेलन

# काँग्रेसले सरकारका अपजसको भारी बोक्दैन : महर

**रामचन्द्र रायमाझी** ——

**पाल्पा,** कार्तिक १३/नेपाली काँग्रेसका केन्द्रीय सदस्य नैनसिंह महरले सरकारका अपजसको भारी काँग्रेसले नबोक्ने बताएका छन् । सोमबार नेपाली काँग्रेस तानसेन नगरपालिकाले पाल्पाको तानसेनमा आयोजना गरेको नगर सम्मेलनलाई सम्बोधन गर्दै केन्द्रीय सदस्य महरले वर्तमान सरकारका कुनै पनि अयोग्य र अपजसका कामको भारी नबोक्ने बताएका हुन् ।

उनले सरकार जनताप्रति जवाफदेही र उत्तरदायी हुनुपर्ने भन्दै त्यसो नभए अपजसको भारी बोकी रहन आवश्यक नरहेको औंल्याए । युवा नेता समेत रहेका महरले भने, 'काँग्रेस सधैं सरकारका कमजोरी र त्यसको अपजस बोक्ने अवस्थामा छैन ।' उनले सरकारले जनमैत्री काम नगरे काँग्रेस गठबन्धनमा बसी रहनुको औचित्य समेत नरहेको स्पष्ट पारे । महरले सरकारलाई जनताको




जनजीविकाको सवालमा काम गराउनका लागि चौतर्फी दवाब दिनु अहिलेको आवश्यक रहेको बताए । फरक प्रसंगमा महरले गठबन्धन सरकारको ५ वर्षसम्म विकल्प नखोजिने स्पष्ट गर्दै आउने निर्वाचनमा काँग्रेस एक्लैले निर्वाचन लड्ने गरी तयारी गरिरहेको समेत बताए । उनले भने 'काँग्रेस बरु २० वर्षसम्म प्रतिपक्षको भूमिकामा बस्न तयार छ तर रुखमै भोट हाल्ने वातावरण हामीले सिर्जना गर्छौं, त्यसका लागि ठाउँ-ठाउँबाट साथीहरुले सहयोग गर्नुपर्छ ।' महरले काँग्रेसमा पुस्तान्तरण र रूपान्तरणका लागि नेतृत्व सचेत हुनुपर्ने बेला आएको समेत बताए । उनले २० औं वर्षैसम्म पनि आफ्नै सम्पति जस्तै गरी एउटै व्यक्तिले जिम्मेवारी लिन नहुने भन्दै पुस्तान्तरण र रूपान्तरणका ठाउँ खाली गरिनुपर्ने धारणा व्यक्त गरे । नेता महरले समय सान्दर्भिक र प्रवृद्धिमैत्री बनाउन सकेमात्र काँग्रेसलाई बलियो बनाउन सकिने बताए । उनले भने, 'अहिले युवा पार्टीको मुख्य जिम्मेवारी छौँ, हामीले आफ्नो शक्ति बुझेर पार्टी रूपान्तरणको आवाज बुलन्द पार्नुपर्छ । म त उक्त कुरामा प्रस्ट नै छु ।' नेता महरले जनताको जीवनस्तर माथि उकास्ने कुरामा पार्टी गम्भीर बन्नुपर्ने बताए । उनले काँग्रेस लोकतान्त्रिक पार्टी भएकाले समूह बन्नु स्वाभाविक रहेको पनि बताए । महरले भने' लोकतन्त्रमा समूह बन्नु अन्यथा हैन, निर्वाचनमा जाँदा समूह बन्नुपर्छ तर निर्वाचनको परिणामपछि त्यसलाई आत्मसाथ गर्नुपर्छ ।' निर्वाचनको परिणामलाई लिएर एक आपसमा तिक्ता साध्नु गलत रहेको उनले बताए । नेता महरले नीति अधिवेशनबाट काँग्रेसलाई थप बलियो र सशक्त बनाएर अगाडि बढ्नेमा विश्वास व्यक्त गरे । काँग्रेसका पूर्व केन्द्रीय सदस्य राजनप्रसाद पन्तले विगतबाट पाठ सिकेर काँग्रेस अगाडि बढ्नु अहिलेको आवश्यकता रहेको बताए । उनले भने'तुष्टीकरणको सिद्धान्त नभई रुपान्तरणको सिद्धान्तबाट अगाडि बढे काँग्रेसको भविष्य सुनिश्चित छ ।' नेता पन्तले अहिले कम्युनिष्ट नेताहरु तुष्टीकरणमा लागेकाले देशमा भ्रष्टाचार, अनियमिता मौलाउँदै गएको समेत बताए । काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले उच्च मनोबलका साथ अगाडि बढ्न पार्टी नेतृत्वलाई आग्रह गरेका छन् । उनले भने '०८४ को मिसन हैन हामी जनताको सुख, दुख र उनीहरुकै मुद्धामा केन्द्रीत हुनुपर्छ र हुन्छौं पनि, यसो भयो भने काँग्रेसलाई कुनै पनि शक्तिले परास्त गर्न सक्दैन ।' जनताकै बिचबाट स्थापित पार्टी भएकाले पनि काँग्रेसलाई कुनै पनि शक्तिले परास्त गर्न नसक्ने सभापति श्रेष्ठले दावी गरे । अनुसासन नभएकाले राजनीतिक अराजकता सिर्जना भएकाले त्यसतर्फ सचेत बन्न काँग्रेसका नेता कार्यकर्तालाई उनले आग्रह समेत गरे । काँग्रेस पाल्पाका निवर्तमान सभापति एवं लुम्बिनी प्रदेशका सांसद वीरबहादुर रानाले पार्टीभित्र तिक्ता, कुण्ठ र आक्रोश पैदा हुँदै गएकाले नयाँ-नयाँ पार्टीहरुको उदय भएको बताए । उनले काँग्रेस पुरानो र विचारले उत्कृष्ट पार्टी भएकाले त्यस्ता तिक्ता, कुण्ठ र आक्रोश पैदा हुन नहुने धारणा व्यक्त गरे । नेता रानाले भने 'विचारका हिसावले हामी अत्यन्त धनी छौं तर हामी भित्र केही समस्या छ, त्यसलाई सच्याएर अगाडि बढ्नु अहिलेको आवश्यकता हो ।' देशको समृद्धि र विकास काँग्रेसले नै गर्ने भएकाले पार्टीलाई बलियो बनाएर लैजानुपर्ने उनले बताए । पूर्व मन्त्री समेत रहेका रानाले आफु मन्त्रीको जिम्मेवारी पाएको छोटो समयमै पाल्पाको विकासमा उल्लेखी काम गर्न सफल भएको बताए । उनले भने 'म मन्त्री हुँदा पाल्पाको सिचाई, विद्युत्, पुल, तटबन्ध लगायका क्षेत्रका धेरै नै काम गरेको छु, केही काम सम्पन्न भएका छन् भने केही हुने क्रममा छन् ।' नेता रानाले बहुवषर्षीया योजना अन्तर्गत तानसेनको अर्गलीलाई शहरीकरण गर्ने गरी काम अगाडि बढाइएको बताए । काँग्रेस पाल्पा क्षेत्र नं. २ का सभापति मुक्तिराम जिसीले केन्द्रबाट धमिलो पानी छोड्दा तल्लो तहमा समस्या उत्पन्न भएको बताए । उनले केन्द्रीय नेतृत्वप्रति लक्षित गर्दै भने 'अब काँग्रेस सक्किने कि, सच्चिने ? यसतर्फतर्फ ध्यान दिन आवश्यक छ ।'

कार्यक्रममा काँग्रेस तानसेन-३ का वडा सभापति पुष्करराज रेग्मी, तानसेन नगरपालिकाका नगरप्रमुख सन्तोषलाल श्रेष्ठ लगायतले आफ्ना धारणा राखेका थिए । नगर सभापति सुवर्णमुनी शाक्यले काँग्रेसलाई बलियो बनाएर लैजाने दिशामा नगर समिति प्रतिवद्ध भएर लागेको बताए । सोही अवसरमा काँग्रेसले नगर समितिका पूर्व सभापतिहरु सूर्यरत्नराज भण्डारी, मधु दयाल सैजु र स्वर्गीय चकोरमान शाक्यलाई सम्मान समेत गरेको थियो । समितिका सचिव लक्ष्मण खड्काले सांगठनिक प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रम नगर सभापति सुवर्णमुनी शाक्यको अध्यक्षता, सचिव शैलेन्द्र भट्टराईको सञ्चालनका कार्यक्रम भएको थियो ।

## सामाजिक सञ्जाल प्रयोग गर्दा सतर्कता अपनाऔं

*सामाजिक सञ्जालमा :*

- जातीय, धार्मिक र साम्प्रदायिक सद्भावमा खलल् पुऱ्याउने,
- राष्ट्रिय सुरक्षा, राष्ट्रिय एकतामा आँच पुग्ने,
- कुनै व्यक्ति वा संस्थाको प्रतिष्ठा र आत्मसम्मानमा ठेस पुऱ्याउने,
- जातीय भेदभाव, छुवाछुत, श्रमप्रति अवहेलना हुने,
- शान्ति-सुरक्षामा खलल पुग्ने,
- प्रचलित कानुनले रोक लगाएका सामाग्रीहरु प्रकाशन वा प्रदर्शन गर्ने,
- जनमानसमा भ्रम सिर्जना गर्ने,

जस्ता विषयबस्तु पोष्ट वा शेयर गर्नु हुँदैन । त्यस्ता कार्य कानूनतः दण्डनीय हुन्छन् ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

# खानेपानीको लागि श्रमदानमा जुटे तानसेन-५ का जनता

**कृष्ण पोखरेल** ——

**पाल्पा,** कार्तिक १३/लामो सयमसम्म शुद्ध खानेपानीबाट बञ्चित भएका तानसेन नगरपालिका साविकको वडा नं १२ हालको वडा ५ का बासिन्दा श्रमदान गरी घर-घरमा खानेपानी सुविधा पुऱ्याउन जुटेका छन् ।

बत्ति मुनि अध्यारो भने झै तानसेन नगरपालिका-५ माथिल्लो धरमपानी, शिव पोखरी, सेतीपोखरी क्षेत्रका ७० घरपरिवार शुद्ध खानेपानीको सुविधाबाट बञ्चित भएको अवस्थामा शुद्ध खानी पानीको लागि महिला, बृद्धबृद्धा समेत श्रमदानमा जुटेका हुन् । सिस्ने



खानेपानी लिफ्ट आयोजनाबाट बञ्चित भएका यहाँका बासिन्दा कालीगण्डकी लिफ्ट खानेपानी योजनाको बतासे चिहान डाँडामा रहेको मुख्य टंकीबाट धमरपानी, शिवपोखरी सेतीपोखरीमा ३ इन्चको शाखा लाईन विस्तार गरी सहज रुपमा खानेपानी लैजान श्रमदानमा जुटेका छन् । यहाँका जनताले हाल तानसेन नगरपालिकाको डम्पिङ्ग साईट मुनी बनदेवी सिंदुरे धारा क्षेत्रको पानी प्रयोग गर्दै आएका छन् । धरमपानी सेतीपोखरीवासीले पटक-पटक तानसेन नगरपालिका, तानसेन खानेपानी उपभोक्ता समितिलाई पटक-पटक कुरा राखे पनि सुनुवाई नुहँदा लामो समयसम्म शुद्ध खानेपानी नपाएको स्थानीय शान्ता सारुले बताइन् । अहिले खानेपानी उपभोक्ता समितिबाट हाम्रो कुरा सुनुवाई भएको छ, त्यही अनुसार मुख्य ट्यांकीबाट पाईप बिछ्याउन श्रमदानमा जुटेको सारुले बताइन् ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## विश्व शहरीकरण दिवसको सन्दर्भ

**विश्व शहरीकरण दिवस आज विभिन्न कार्यक्रम गरी विश्वभर मनाइँदै छ । संयुक्त राष्ट्रसंघले अक्टोबर ३१ लाई विश्व शहरीकरण दिवस मनाउने निर्णय गरेअनुसार नेपालले पनि हरेक वर्ष यो दिवस र यससँग सम्बन्धित विविध गतिविधि गर्दै आएको छ । साधारणतया ग्रामीण र शहरी भनेर मानिसले बसोबास गर्ने क्षेत्रलाई विभाजन गर्ने प्रचलन छ । तुलनात्मक रुपमा भौतिक सुविधा प्राप्त हुने क्षेत्र शहर हो भने त्यसको विहीनता ग्रामीण क्षेत्र हो । सुरुमा सारा विश्व गाउँ थियो भने अहिले विश्वको शहरीकरण हुँदैछ । नेपालमा पनि शहरीकरणको प्रभाव र परिणाम तीव्ररुपमा देखिन थालेका छन् । २००७ को परिवर्तनपछि शहरीकरणले आकार लिएको भएपनि पछिल्ला दशकमा यसले तीव्रगति लिएको छ ।**

**संयुक्त राष्ट्रसँगका अनुसार ग्रामीण क्षेत्रको जनमानस शहरमा गएर बस्नु र काम गर्नु पनि शहरीकरण हो । व्यवस्थित शहरीकरण नै विकासको मार्ग हो । विगत केही वर्ष नियाल्ने हो भने नेपालको जनसंख्यामा तिव्र वृद्धि भएको पाइन्छ । शहरमा मानिसको आर्कषण बढी देखिन्छ । सरकारी तथ्याङ्क अनुसार शिक्षा, रोजगारी, सुविधा र सरल जीवनको खोजिमा लाखौं नेपाली गाउँबाट शहर भित्रने गरेका छन् । उचित व्यवस्थापन, असल नीति र परिवर्तनशील योजनाहरु नहुँदा यसले शहरी भेगमा वतावरणीय असर र अव्यवस्थित बसोवास फैलन थालेको छ । ग्रामीण परिवेशबाट बाहिर निस्की रहेको विश्वले अब भने गम्भीर भएर सोच्नै पर्ने भएको छ । कार्वन उत्सर्जनले विकराल रुप लिइ रहेको समयमा जलवायु परिवर्तनका साथै जीव चक्रमा पनि नकरात्मक असर पर्दै गएको छ । ग्रामीण परिवेशहरु एकादेशको कथा जस्तै बन्न थालेको वर्तमान अवस्थामा अव्यवस्थित शहरीकरणले पनि निकै नै समस्या सिर्जना गरे कै छ । सही र सन्तुलित तथा व्यवस्थित शहरी विकासलाई भने नकारात्मक मान्न सकिँदैन । योजनावद्ध र व्यवस्थित शहरीकरणको प्रक्रियाबाट विकासका आयामहरु थपिन्छन् । औद्योगिकीकरणको प्रक्रिया अगाडि बढ्छ भने सामाजिक अन्तर्क्रिया र अन्तरसम्बन्धको दायरा पनि व्यापक बन्दै जान्छ । जसका लागि शहरीकरण गर्नु अगाडि पर्याप्त पूर्वाधारको विकास र शहर बनेपछि आउने समस्याको समुचित व्यवस्थापन गर्न सके मात्र विश्व शहरीकरण दिवस मनाउनुले सार्थकता प्राप्त गर्न सक्छ । तसर्थ यसतर्फ सबैले ध्यान दिन जरुरी छ ।**

## Opinion @ Social Network

चोट दिने भनेकै आफन्तले हो,
पराईले त ठेस लाग्दा पनि माफी माग्छन् ।
*(केशव श्रेष्ठको फेसबुक स्टाटस https://www.facebook.com/keshav.shrestha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# नचिन्दा ऐतिहासिक पाल्पा ओझेलमा !




**नारायण तिमिल्सेना**

करीब १,४७,५१६ वर्ग किमि क्षेत्रफलमा फैलिएको नेपाल विश्वको नमुना देश हो । हिमाल, पहाड र तराईमा विभाजित राज्य जुन प्राकृतिक, साँस्कृतिक, भौगोलिक विविधताले भरीपूर्ण रहेको छ । विविध किसिमका वातावरणले धनि छ । यसको यथोचित व्यवस्थापन र समुचित प्रयोग गर्न सके हाम्रो देश नेपाल समृद्ध बन्न सक्ने छ । विश्वमा पाईने सबै किसिमको हावापानी नेपालमै पाईन्छ । त्यसमा पनि वास्तविक पर्यटकिय आकर्षणको केन्द्रविन्दु पाल्पा तानसेन र आसपासका क्षेत्र छन् । सन् १८१६ मार्च ३ भन्दा अगाडि नेपालका क्षेत्रफल भित्र पर्ने हाल भारतको उत्तराखण्डमा पर्ने दार्जिलिङ र उत्तराञ्चलमा पर्ने नैनि ताल क्षेत्र आज भारत नेपालको मात्र होइन विश्वको आकर्षणको केन्द्र बनेको छ । ति क्षेत्रले त्यहाँका स्थानीयको जीवनस्तर उकासेका छन् । युवालाई रोजगार सिर्जना गरेका छन् । देश भित्र युवा राख्न सफल भएका छन् । समान सामुन्द्रिक उचाईमा रहेको, समान किसिमका भौगलिक बनावट रहेको पाल्पा तानसेन भने ओझेलमा परेको छ ।

पर्यटनलाई मन पराउने जो कोही जब दार्जिलिङ, सिक्किम र नैनी ताल पुग्छन् झट्ट पाल्पाको तानसेनलाई सम्झन पुग्छन् । व्यवस्थापन र प्रचार-प्रसारको कारणले विश्वका धेरै ठाउँको स्तरोन्नती भएको देखिन्छ । कतिपय ठाउँ त कृत्रिम तरीकाले बनाइएका छन् सिंगारिएका छन् र पनि अगाडि छन् । वास्तवमै प्रकृतिको अलौकिक वरदान पाएको पाल्पा तानसेन भने ओझेलमा परेको छ । यो ठाउँ प्रचार-प्रसार र लगानीको अभावमा स्तरीकृत हुन सकेको छैन । तानसेनको दरबार, बजार अनि श्रीनगर, तानसेनबाट करीब ११ किमि उत्तरमा रहेको रानीमहल, ७ किमि पश्चिममा रहेको भैरवस्थान मन्दिर, तानसेनबाट ३ किमि पूर्वमा रहेको बगनासडाँडा लगायत सँग-सँगै रहेका महामृत्युञ्जय मन्दिर, शिवालय मन्दिर, दर्लमकाली मन्दिर, सिद्ध गुफा र मन्दिर राम्दी करीडोरकै बाटोबाट सरर कालीगण्डकी किनारबाट दौडिएको करिडोर रिडि रिषिकेश मन्दिर र तिनमुखे पुल सम्मको क्षेत्र समेटेर पर्यटन प्याकेजको अवधारणा विस्तार अनि लगानी तथा व्यवस्थापन गरे पाल्पाको आकर्षण निकै बढेर जानेछ ।

यसै पनि यो एतिहासिक क्षेत्र हो । यस ठाउँका अनेकौं उपनाम समेत रहेका छन् । कुनै समयमा मिनि दार्जिलिङ भनेर चिनिन्थ्यो । जात्रै जात्राको ठाउँ भएकाले काठमाडौंको भाइ पनि भनिन्छ । नेपालको बनारस भनेर चिनिने रिडिको क्षेत्र पनि यही पर्दछ । नेपालको ताजमहल भनेर चिनिएको खड्ग शम्शेरले बनाएको प्रेमको प्रतिक रानीमहल समेत यही पर्दछ । गतवर्ष ढाकाको राजधानी समेत घोषणा भईसकेको यो क्षेत्र विगत समयमा शक्तिशाली राज्यको समेत पहिचान बनाएको थियो । रुपन्देहीको बुटवल क्षेत्रबाट प्रवेश गरे पछि झुम्सासम्म चेनेजका रुपमा सुरुङ मार्ग अनि सुधारिएको सिद्धार्थ राजमार्गले बर्तुङ क्षेत्रमा तानसेन कोर एरियामा प्रवेश गराउने र ठूला गाडीबाट ओर्लिइ साना गाडीमा सररर प्याकेजको रुपमा तानसेन घुमाउने व्यवस्थापन गर्न सके पर्यटन क्षेत्रको कायापलट सम्भव छ । पाल्पाका अन्य स्थानीय निकाय पनि पर्यटनका लागि कम भने छैनन् । पूर्वमा रहेको निस्दी काउले डाँडा, जुरे गुफा सँगै रामुपरमा रहेको सिता कुण्डसम्म जोड्ने बृहत योजना पनि बिस्तारै अगाडि बढ्ला ।





***वास्तवमै प्रकृतिको अलौकिक वरदान पाएको पाल्पा तानसेन भने ओझेलमा परेको छ । यो ठाउँ प्रचार-प्रसार र लगानीको अभावमा स्तरीकृत हुन सकेको छैन । तानसेनको दरबार, बजार अनि श्रीनगर, तानसेनबाट करीब ११ किमि उत्तरमा रहेको रानीमहल, ७ किमि पश्चिममा रहेको भैरवस्थान मन्दिर, तानसेनबाट ३ किमि पूर्वमा रहेको बगनासडाँडा लगायत सँग-सँगै रहेका महामृत्युञ्जय मन्दिर, शिवालय मन्दिर, दर्लमकाली मन्दिर, सिद्ध गुफा र मन्दिर राम्दी करीडोरकै बाटोबाट सरर कालीगण्डकी किनारबाट दौडिएको करिडोर रिडी रिषिकेश मन्दिर र तिनमुखे पुल सम्मको क्षेत्र समेटेर पर्यटन प्याकेजको अवधारणा विस्तार अनि लगानी तथा व्यवस्थापन गरे पाल्पाको आकर्षण निकै बढेर जानेछ ।***

विशेषगरी तानसेनलाई पर्यटनमैत्री बनाउन रात्रिकालिन होटल व्यवसाय, यात्राका लागि सहज र सरल मार्ग अनि यातायातका साधनको व्यवस्था, अर्गानिक र प्राकृतिक गाँस बाँस र ढाकाको कपडाबाट सु-सज्जित बनावटको यथोचित प्रयोग, करुवा र करुवा बनावटका सर सामग्रीका प्रयोग घरदेखि होटल व्यवसायसँग जोड्न सके पाल्पाको भिन्नै पहिचान बन्ने थियो । यसले पहिचान सँगसँगै थुप्रै अवसरको बहार समेत ल्याउने थियो । पछिल्लो समयमा युवाले अवसर अनि भविष्यको खोजिमा देश छोडिरहँदा पाल्पा र आसपासका युवाहरुलाई आम्दानीका लागि अवसर बन्ने थियो । हजारौंको संख्यामा रोजगारीका अवसर उपलब्ध हुने थियो । सयौं होटल व्यावसायी, निजी तथा सार्वजनिक यातायतका साधन पर्यटक पथ प्रर्दशक, ढाकाका कपडा उद्योग, करुवा उद्योग, तानसेन र आसपासमा उत्पादन भएका कृषि उपजले हजारौंको लागि रोजगार सिर्जना हुने थियो । पहाडी क्षेत्र उद्योगमैत्री बन्न नसकिरहेको बेला पर्यटन व्यवसायी मैत्री बन्ने थियो । पर्यटनका लागि पहल नभएका होइनन्, लगानी नै नगरिएको पनि होइन तर पर्याप्त लगानी गरिन नसक्नु र निजी क्षेत्रको पर्याप्त लगानीलाई आकर्षित गरिन नसकिनुले यथेष्ट मात्रामा प्रगति भएको छैन् । यो खालका कार्य गर्न छोटो समयमा सम्भव छैन र थोरै रकमले पनि सम्भव छैन ।

नेपालमा पर्याप्त श्रोतको अभाव रहेको विधितै छ । यसका लागि टुक्रे र खण्डे विकास भन्दा पनि पर्यटन गुरुयोजना तयार गरि दीर्घकालीन रुपमा लाभलिने गरी अगाडि बढ्न आवश्यक छ । स्थानीय तहसँग यो मोडलमा विकास गर्न पर्याप्त पुँजी नहुने हुनाले संघ, प्रदेश र स्थानीय तहसँग समन्वय गर्नु आवश्यक छ । क्षेत्रफलका हिसाबले धेरै क्षेत्र समेत जोडिने भएकाले नजिकसँगै जोडिएका स्थानीय तहहरुसँग सहकार्य र साझेदारीमा समेत कार्य अगाडि बढाउनु उत्तम हुनेछ ।

पर्याप्त पुँजी र प्राविधिक ज्ञानको आवश्यकता पर्ने हुनाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लगानी भित्र्याउनु पनि बुद्धिमता देखिएला । चाहे भागिनी सम्बन्ध कायम गरेर होस् वा अन्तराष्ट्रिय निकाय वा देशको सहयोगको प्रयोग गरेर होस् विस्तृत योजना कार्यान्वयन गर्नु आजको समयको माग हो । ठाउँ चिनाउने र देश बनाउने महान अभियानको रुपमा लिई राष्ट्रिय गौरवको आयोजना बनाउनु नै एक उत्तम विकल्प हो ।

***(लेखक हाल बगनासकाली गाउँपालिका पाल्पामा कार्यरत छन् ।)***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ कार्य वा रोजगार पाइनेछ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ । | **तुला** : ताकेको कार्य पुरा होला । आर्जनका क्षेत्रमा सुधार आउनेछ । |
| **वृष** : श्रमको उचित मूल्यांकन हुनेछ । मनोरञ्जनमा सहभागिता भइएला । | **वृश्चिक** : धार्मिक कार्यमा रुचि बढ्नेछ । नजिकको मित्रसँग भेटघाट हुनेछ । |
| **मिथुन** : नयाँ कामको थालनी होला । कान्ति र मनमा शान्ति छाउनेछ । | **धनु** : मनमा हर्ष, उमंग र उत्साह छाउने र जोशजाँगर बढ्नेछ । |
| **कर्कट** : मान प्रतिष्ठामा वृद्धि हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ । | **मकर** : कार्यमा सफलता मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ । |
| **सिंह** : आज प्रतीक्षा गरिएको काम पूरा हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ । | **कुम्भ** :शेयर बजारको कारोबार हुनेछ । जोश, जाँगर र हिम्मत बढ्नेछ । |
| **कन्या** : नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । शुभ समाचार पनि सुन्न पाइएला । | **मीन** : रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । बोलीको प्रभाव बढ्नेछ । |

# रामपुरका कृषकलाई अनुदानमा तरकारीका बेर्ना



**पाल्पा,** कार्तिक १३/जिल्लाको रामपुरका कृषकलाई रामपुर नगर सरकारले अनुदानमा तरकारीका बेर्ना वितरण गरेको छ । नगर सरकारले यहाँका कृषकलाई ५० प्रतिशत अनुदानमा तरकारी तथा प्याजका बेर्ना दिएको हो ।

नगर सरकार आफैले उत्पादन गरेको काउली, ब्रो काउली, बन्दा र प्याजका बेर्ना कृषलाई उपलब्ध गराएको छ । एभरेष्ट ग्रीन जातको ब्रोकाउली, सुपर ह्वाईट टप जातको काउली, ग्रीन टप बन्दा, रेड क्रियोल र नासिक-५३ जातको प्याजको बेर्ना कृषकहरुलाई वितरण गरिएको कृषि शाखाले जनाएको छ । नगरपालिकाले ब्रोकाउली प्रति बेर्ना ३ रुपैयाँ, काउली र बन्दा २ रुपैयाँ ५० पैसामा वितरण गरेको छ भने वितरणको तयारीमा रहेको प्याजको बेर्ना १ रुपैयाँको १० वटाका दरले वितरण गर्नेछ । पहिलो दिन सोमबार ब्रोकाउली २ हजार ३ सय १, काउली २ हजार ६ सय ८९ र बन्दा २ हजार ६ सय ५५ गरी जम्मा ७ हजार ६ सय ४५ वटा बेर्ना वितरण गरिएको छ । सहुलियत दरमा तरकारीको बेर्ना पाए पछि कृषकहरु उत्साहित भएका छन् । बाहिर किन्नुपर्दा लागत धेरै लाग्ने र अनुदानमा पाएको बेर्नाले राहत महसुस भएको सदावर्तका व्यवसायिक कृषक विनोद श्रेष्ठले बताए । उन्नत जातको ब्रोकालउली , काउली, बन्दा र प्याजको बेर्ना नगरपालिकाले सहुलियत दरमा दिए पछि आफु हर्षित भएको पुलामी कृषि तथा पशुपन्छी फर्मका सञ्चालक महेन्द्रबहादुर पुलामीले बताए । आफुले ब्रोकाउली, काउली, बन्दा गरी २३ सय बेर्ना न्यून मुल्यमा पाएपछि थप हौसला मिलेको सुनाए । विगतको बर्षमा बाहिर बढि लागतमा बेर्ना किनेर लगाए पनि यस वर्ष नगरपालिकाले नै ५० प्रतिशत अनुदानमा तरकारीको बेर्ना पाउँदा खुशी लागेको रामपुर -६ विजयपुरका कृषक प्रेमराज गैरेले बताए । बेर्ना वितरण गर्दै रामपुर नगरपालिकाका कार्यवहाक नगर प्रमुख तथा उपप्रमुख बालकुमारी थापाले कृषकहरुको राहत र प्रोत्सहानका लागि अनुदानमा बेर्ना वितरण गरिएको बताइन् । उनले तरकारी खेतिमा कृषकहरुलाई आकर्षित गरी उत्पादनमा वृद्धिसँगै नगरलाई तरकारीमा आत्मनिर्भर बनाउनका लागि यो कार्यक्रम सञ्चालन गरिएको बताइन् । कृषकहरुको मागको आधारमा यही कार्तिक १८ गते सम्म अनुदानमा बेर्ना वितरण गरिने कृषि शाखाका जेटिए युवराज नेपालीले बताए । माग गर्न सकिने बेर्नाको परिमाण कृषकले लगाउने क्षेत्रको आधारमा उपलब्ध गराईएकाले बेर्ना आवश्यक पर्ने कृषकले समयमै कृषि शाखामा सम्पर्क गर्न पनि उनले अनुरोध गरे । नगरपालिकाले प्याजको बेर्ना भने आगामी कार्तिक २० गते देखि मात्रै कृषकहरुलाई वितरण गर्ने तयारी गरेको छ ।

# खानेपानीको लागि श्रमदानमा....

...अहिले तानसेन खानेपानी तदर्थ समितिबाट पाइप किन्न, बतासेडाँडासम्म बिछ्याउनुस् भनेपछि पानी नपाएका उपभोक्ताहरु एक-एक घरका एक जना श्रमदानमा जुटेको स्थानीय शालिकराम रावलले बताए । यस क्षेत्रका जनता शुद्ध खानेपानीबाट बञ्चित हुँदै आएका थिए, यस अघिको समिति, तानसेन नगरपालिकासँग कुरा राखे पनि सुनुवाई भएको थिएन अब पानी खान पाइन्छ की भन्ने आशाले जनताहरु श्रमदानमा जुटेको रावलले बताए । अहिले तदर्थ समितिले नगर भित्र कुन-कुन क्षेत्रमा खानेपानीको सुविधा पुगेको छ कि छैन भनेर अध्ययन अवलोकन गर्दै आएकोमा साविकको १२ नं वडामा खानेपानी सुविधा नपुगेको देखेपछि बैठक बसेर शाखा लाईन विस्तार गरी एक घर एक धारा वितरण गर्ने निर्णय गरी काम शुरु गरेको समितिका सदस्य महेन्द्रबहादुर खातीले बताए । नयाँ समिति आएको करिव ३ महिनामा २ सय ५० निजी धारा वितरण गरिएको, अबको केही समयमा वडा नं ५ मा ७० वटा धारा वितरणको लागि काम शुरु भएको तदर्थ समितिका अध्यक्ष मोहन प्रसाद श्रेष्ठले बताए । तानसेनमा घरबस्ती बढाउने अभियानका साथ जग्गाधनीले नक्सा पास गर्ने बित्तिकै नयाँधारा जोडिने गरी नियम बनाएको अध्यक्ष श्रेष्ठले बताए । नक्सा पास ल्याउनुस् अर्को दिनमै धारा जोड्नु यो अभियानामा समिति लागेको अध्यक्ष श्रेष्ठले बताए ।


Rainadevi Chhahara Rural Municipality
Office of the Rural Municipal Executive
Chhahara, Palpa

## Invitation for Bids

***Date of publication: 31st October 2023(2080-07-14)***

1. Rainadevi Chhahara Rural Municipality invites electronic bids from | Nepalese eligible bidders for following bids under National Competitive Bidding procedures.
2. Eligible Bidders may obtain further information and bank details at the office of Rainadevi Chhahara Rural Municipaity, Chhahara Palpa website www.rainadevichhaharamun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
4. All other terms and conditions will be as per Nepal Government's Prevailing Procurement Act and Regulations.

| S.N | Contract ID | Work Description | Bid Submission Date | Bid Opening Date | Bid Validity and Bid Security Validity | Bid Security Amount | Cost of Bidding Document |
|---|---|---|---|---|---|---|---|
| 1 | RRM/PAL/WN CB-03-080/81 | Upgrading of Tangsingal-Somadi-Siddeshwor Road | 14th Mangsir 2080 12:00PM | 14th Mangsir 2080 1:00PM | 90 & 120 days | Rs.1,25,000.00 | Rs.3000.00 |
| 2 | RRM/PAL/G/NC B-04-080/81 | Purchase Supply and Delivery of Medical Items | 14th Mangsir 2080 12:00PM | 14th Mangsir 2080 1:00PM | 90 & 120 days | Rs.55,000.00 | Rs.3,000.00 |

*chief administrative officer*


## खेलकुद समाचार

# नेपालद्वारा सिङ्गापुर आठ विकेटले पराजित



**काठमाडौं,** कार्तिक १३/आइसिसी ट्वान्टी २० विश्वकप एशिया छनोटको आफ्नो पहिलो खेलमा नेपालले सिङ्गापुरलाई आठ विकेटले पराजित गर्दै प्रतियोगितामा सुखद सुरुआत गरेको छ ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा सिङ्गापुरले दिएको १४६ रनको लक्ष्य नेपालले १६ दशमलव ३ ओभरमा मात्र २ विकेट गुमाएर पूरा गऱ्यो । नेपालको जितमा कुशल भुर्तेलले अर्धशतक प्रहार गरे । ओपनर भुर्तेलले ४८ बलमा ८ चौका र २ छक्काको मद्दतमा सर्वाधिक ७४ रनको योगदान दिए । त्यस्तै रोहित पौडेलले अविजित ३५ रन बनाए । उनले २४ बलमा २ चौका र २ छक्कासहित ३५ रन बनाएका हुन् । नेपालका अर्को ओपनर आसिफ शेख र कुशल भुर्तेलले ९ दशमलव १ ओभरमा ८४ रनको साझेदारी गर्दै उत्कृष्ट सुरुआत गरेका थिए । आसिफले २७ रन बनाए । उनले २६ बलमा २ चौका र १ छक्कासहित २७ रन बनाएका हुन् । सिङ्गापुरका लागि अनन्त कृष्ण र अक्षय पुरीले समान एक, एक विकेट लिए । त्यसअघि टस जितेर पहिले ब्याटिङ रोजेको सिङ्गापुरले निर्धारित २० ओभरमा ९ विकेट गुमाउँदै १४५ रनको योगफल बनाएको थियो । सिङ्गापुरका लागि युवा ओपनर रोहन रङ्गराजनले सर्वाधिक ४६ रनको योगदान दिए । उनले ३० बलमा ९ चौका र १ छक्कासहित ४६ रन बनाएका हुन् । त्यस्तै आर्यवीर चौधरीले ३७ रन बनाए । उनले २६ बलमा ५ चौकासहित ३७ रन बनाएका हुन् । मनप्रित सिंहले २४ तथा अक्षय पुरीले १३ रन जोडे । नेपालका लागि अभिनाश बोहोराले तीन विकेट लिए भने सन्दिप लामिछाने, गुल्सन झा र करण केसीले समान दुई, दुई विकेट लिए । नेपालको दोस्रो पटक ट्वान्टी २० विश्वकपमा छनोट हुने लक्ष्य रहेको छ । यसअघि नेपालले सन् २०१४ मा बङ्गलादेशमा टि ट्वान्टी विश्वकप खेलेको थियो । अब नेपालले आफ्नो दोस्रो खेल आज (मंगलबार) मलेसियासँग खेल्नेछ ।


## ID Card हराएको सूचना

मिति २०८०/०६/२८ गते पाल्पाको मदनपोखराबाट प्रभासतर्फ आउने क्रममा तानसेन नगरपालिका-८, मदनपोखरा, पाल्पा बस्ने लक्ष्मण बहादुर सार्कीको निम्न व्यहोराको दोहा कतारको Residency Permit को ID Card र Driving License हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ ।

**नाम :** लक्ष्मण बहादुर सार्की
**ठेगाना :** तानसेन-८, मदनपोखरा, पाल्पा
**Residency Permit ID/ License No :** 28352421139
**सम्पर्क नं. :** 9704261088


## अर्थ/कर्पोरेट समाचार

# नेप्से परिसूचकमा सामान्य अंकको सुधार



**काठमाडौं,** कार्तिक १३/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सामान्य अंकको सुधार देखिएको छ । सोमबार नेप्से परिसूचक तीन दशमलव ०४ अंकले बढेर एक हजार आठ सय ७८ दशमलव ७० अंकमा कायम भएको हो ।

दुई सय ८७ कम्पनीको २८ लाख २४ हजार सात कित्ता शेयर ३० हजार दुई सय ३७ पटक खरिद बिक्री हुँदा रू ६९ करोड ४२ लाख २२ हजार दुई सय १७ बराबरको कारोबार भएको छ । होटल तथा पर्यटन समूह शून्य दशमलव ४२, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ८० र म्युचुअल फन्ड शून्य दशमलव ४६ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै निर्जीवन बीमा समूह शून्य दशमलव ८६ र व्यापार समूह शून्य दशमलव ८१ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै पञ्चकन्या माइ हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सात दशमलव ८२ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ । कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै साधना लघुवित्त वित्तीय संस्था लिमिटेडको रू तीन करोड ६० लाख ७४ हजार सात सय ४० बराबरको शेयर किनबेच भएको छ । कारोबार भएका शेयर संख्याका आधारमा भने सिद्धार्थ बैंक लिमिटेड प्रमोटर शेयर दुई लाख कित्ता किनबेच भएको छ ।


## हार्दिक आभार एवं धन्यवाद

नेपाली काँग्रेस तानसेन नगर समितिले कार्तिक १३ गते तानसेनमा आयोजना गरेको नगर सम्मेलनलाई भव्य रुपमा सम्पन्न गर्न सहयोग गर्नुहुने सम्पूर्णप्रति **हार्दिक आभार एवं धन्यवाद** ज्ञापन गर्दछौं । काँग्रेसको संगठनलाई थप बलियो र मजबुत बनाउन आयोजना गरिएको सम्मेलनमा सहभागी भई हामीलाई हौसला प्रदान गर्नु हुने नेपाली काँग्रेसका केन्द्रीय सदस्य **नैनसिंह महर** ज्यू, काँग्रेसका पूर्व केन्द्रीय सदस्य **राजनप्रसाद पन्त** ज्यू, काँग्रेस पाल्पाका सभापति **हिमालदत्त श्रेष्ठ** ज्यू, काँग्रेस पाल्पाका निवर्तमान सभापति एवं लुम्बिनी प्रदेशका सांसद **वीरबहादुर राना** ज्यू, क्षेत्रीय सभापति ज्यू, वडा सभापति तथा प्रतिनिधि, जनप्रतिनिधि, महासमिति सदस्य, महाधिवेशन प्रतिनिधि, पार्टीका सम्पूर्ण भातृ तथा शुभेच्छुक संस्थाका प्रमुख तथा प्रतिनिधि र पार्टीका विभिन्न जिम्मेवारीमा रहनुभएका सम्पूर्णमा काँग्रेस नगर समिति **आभार एवं धन्यवाद** व्यक्त गर्दछ । सम्मेलनमा सबैबाट भएको सहयोगले हामीलाई थप हौसला प्राप्त भएको छ । समृद्ध नगर निर्माणका लागि आगामी दिनहरुमा समेत रचनात्मक सहयोगको अपेक्षा गर्दछौं ।

| लक्ष्मण खड्का | शैलेन्द्र भट्टराई | सुवर्ण मुनी शाक्य |
|---|---|---|
| सचिव | सचिव | सभापति |

एवं नेपाली काँग्रेस तानसेन नगर समिति
तानसेन, पाल्पा परिवार

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई